# सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०७६

## सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७६।३।१६

**प्रस्तावनाः** सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम “सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०७६” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,१८,४७,६४,०००।- (अक्षेरुपी एक अर्ब अठार करोड सत्चालिस लाख चौसठ्ठी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन : (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त सिद्धार्थनगर नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| **क.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **१** | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | २४८४१८।०० | ७३३२४६।०० | | ९८१६६४।०० |
| २ | | बिषयगत शाखा | १८५६००।०० | ०।०० | ०।०० | १८५६००।०० |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | १७५००।०० | ०।०० | ०।०० | १७५००।०० |
| ४ | | लगानी (शेयर/ऋण) | ०।०० | ०।०० | ०।०० | ०।०० |
| | | **जम्मा** | **४५१५१८।००** | **७३३२४६।००** | | **११८४७६४।००** |
| | | | | | | |